परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ७ २०७९ भाद्र २६ गते आईतवार Sunday 11, SEP 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




# ऐतिहासिकता एवम् पौरानिकतासंग जोडिएको जितिया पर्व समारोह सम्पन्न




मधेशी, थारु लगायतका विवाहीत महिलाहरुले मनाउने जितिया पर्वको उपलक्ष्यमा गरिएको जितिया समारोहका अतिथीहरु

विराटनगर। तराई मधेशमा बसोवास गर्ने प्राय सवै जातिको विवाहीत महिलाहरुले मनाउने जितिया पर्व ऐतिहासिकता एर्व पौरानिकतासंग जोडिएर एकताको संदेश दिएका छन्।

उक्त कुरा अप्पन विराटगढ परोपकार समाजको आयोजनामा भएको जितिया पर्व समाहरोको अवसरमा प्रमुख अतिथी पूर्व प्रधानमन्त्री एवम् नेपाल कम्यूनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वताउनु भएको हो।

सोही अवसरमा बोल्दै पूर्व प्रधानमन्त्री ओली मिथिलाका प्राचीन भूमि विद्धावहरुको प्रादुर्भाव भएको क्षेत्रको रुपमा स्थापित रहेको वताउँदै मिथिला, भोजपुरा र विराट क्षेत्र ऐतिहासिकता र पौराणिकतासंग जोडीएर रहेको क्षेत्र रहको वताउनु भयो।

विश्वभर शिक्षाको ज्योति नरहेको अवस्थामा मिथिलाको भूमि जनकपुरको जनक दरबारमा शास्त्रार्थ भई रहेको स्मरण गर्दै धर्मसंस्कृतिको रक्षा गर्ने व्यक्तिको रक्षा धर्मसंस्कृतिले गर्ने गरेकोले धर्म संस्कृतीको रक्षाको लागि यस्तो महोत्सवहरु फलदायी रहेको वताउनु भयो।

जितिया पर्व पौरानिक काल देखि नै तराई मधेशमा बसोवास गर्ने जातजातिहरुको विवाहित महिलाहरुले घर-घरमा मनाउँदै आएको जितिया पर्वलाई खुला मञ्चमा सार्वजनिक रुपमा प्रर्दशन गरेकोमा खुशी व्यक्त गर्दै राष्ट्रिले

वांकी अन्तिम पेजमा...

# एउटै परिवारका तीनको हत्यामा संलग्न प्रहरीको फन्दामा

उदयपुर। उदयपुरको बेलका नगरपालिका-७ गोवाटारका एउटै परिवारका ३ जनाको हत्या गरेको आरोपमा स्थानीय ४३ बर्षीय नर बहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ।

गत शुक्रबार बिहान गोवाटार स्थित वाबिङ खोलामा स्थानिय ३७ बर्षीय राज कुमार बस्नेत, बस्नेतको ३३ बर्षीया श्रीमती सरिता बस्नेत र १२ बर्षीय छोरा सुजन बस्नेत समेत तीनै जनाको धारिलो हतियारको प्रहारबाट हत्या भएको अवस्थामा मृत लाश फेला परेको थियो।

घटना स्थलमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी उपरीक्षक सहितको टोलीले घटनाको अनुसन्धान गर्ने क्रममा नर बहादुर बस्नेतले उक्त घटना घटाई तत्काल घटना स्थलबाट फरार रहेको भन्ने खुल्न आए सगैं तत्काल इलाका प्रहरी

वांकी अन्तिम पेजमा...

# अपांग व्यक्तिलाई साहयक सामग्री

सुनसरी। सुनसरीको कोशी गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिएका छन्।

अपांगता रोकथाम तथा पुन: स्थापना कार्यक्रम अन्तरगत विभिन्न सहायक सामग्री वितरण गरिएको हो। कोशीमा आयोजित कार्यक्रममा टाईसाईकल ५ थान, ह्विल चियर ६ थान, टोवाईलेट चियर १० थान, एल स्टिक १२ थान, सीपी चियर ८ थान र स्टान्डिगं फर्मा ४ थान गरि ४५ थान विभिन्न सहायक सामग्री अपांगता भएका व्यक्तिलाई वितरण गरिएको हो।

कार्यक्रममा ६ जनालाई ह्विलचियर, पाँचजनालाई ट्राइसाइकल, १२ जनालाई सेतोछडी र वैशाखी वितरण गरिएको कोशी गाउँपालिकाले

वांकी अन्तिम पेजमा...

# अदालतमा हाजिर हुन निर्वाचन आयोगलाई सवोच्चको आदेश

विराटनगर। निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न रोक लगाउने निर्णयविरुद्ध परेको रिटउपर सर्वोच्च अदालतले विपक्षी निर्वाचन आयोगलाई छलफलका लागि बोलाएको छ। निर्वाचन आयोगले प्रदेश नं. १ सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च नगर्न दिएको निर्देशनविरुद्धमा प्रदेशसभाका चार जना सदस्यहरूले सर्वोच्चमा रिट दर्ता गराएकामा अदालतले त्यस्तो आदेश दिएको हो।

अदालतको आदेशबमोजिम अब निर्वाचन आयोगले अदालतमा के कति कारणले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न रोक लगाएको हो सो विषयमा स्पष्ट पार्नुपर्ने छ। त्यसका लागि अदालतले निर्वाचन आयोगलाई भाद्र २७ गते अदालत हाजिर हुन भनेको छ।

भदौ २० गते प्रदेश नम्बर १ का प्रदेशसभा सदस्यहरू सरिता थापा, मोहनकुमार खड्का, सावित्राकुमारी रेग्मी र पदमकुमारी गुरुङले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न पाउनुपर्ने उत्प्रेषण आदेश माग गर्दै निर्वाचन आयोगको निर्देशनविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता गराउनुभएको थियो। मंगलबार पहिलो पेशी तोकिएकोमा उक्त मुद्दामा प्रदेश नं. १ सरकारका कानून विज्ञ अधिवक्ता पेशलकुमार न्यौपानेले बहस गर्नुभएको थियो। उहाँले बहसका क्रममा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न निर्वाचन आचारसंहिता बाधक नबन्ने जिकिर गर्दै आयोगको निर्देशनउपर उत्प्रेषण आदेशको माग गर्नुभएको छ। विषयको गाम्भीर्यता हेरी आयोगसमेतलाई थप छलफलका लागि बोलाउने अदालतले आदेश दिएको अधिवक्ता न्यौपानले जानकारी दिनुभयो।

प्रदेश नं. १ सरकारले विगतकै निरन्तरताअनुरुप चालू आर्थिक वर्षमा पनि प्रति सदस्य एक करोड रुपैयाँबराबरको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत योजना छनौट गर्न पाउने व्यवस्था गरेको छ। कार्यक्रमअन्तर्गतको रकमको खर्च भने स्थानीय तहबाट हुने कानूनी प्रबन्ध छ। प्रदेश सरकारले बजेट जारी गर्दाको सयममा प्रदेशसभामा भएका मौजुदा ९० जना सदस्यका लागि कुल ९० करोड बजेट

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### पहिचान...

भूमिका निर्वाह गर्न सक्छ। धेरै केही गर्नुपर्दैन, केवल इमान्दारीको पाठ मात्रै पढाउन सक्यौं र नैतिक आचरणको सही शिक्षा दिन सक्यौं भने त्यही सानो मष्तिष्क भोलि ठूलो स्वरूपमा रूपान्तरण हुनसक्छ।

प्रत्येक बुहारीलाई रसरंग गर्ने, खेल्ने कुद्ने र स्वाभावत: बाँच्ने परिवेश दिनुहोस् अनि सम्पूर्ण छोरीहरू यसै सुखी र खुसी रहन्छन्। छोरा र छोरीको विभेद स्वत: हटेर जानेछ। तर यसविपरीत जब नारीले नै आफ्ना संस्कृति र धरोहरहरूको तिलाञ्जलि दिन थाल्छिन् भने कसले जोगाउँछ मौलिक चिनारी ? मौलिकताको पुस्ता हस्तान्तरण कसले गर्छ र कसरी हुन्छ ? राष्ट्र रहे हामी रहन्छौं। राष्ट्रको स्वतन्त्रता र पहिचानका लागि मौलिक संस्कृति र सभ्यतालाई बलियो बनाउनु अपरिहार्य छ। अत : सम्पूर्ण अस्तित्व सकिनुअघि नै यसतर्फ सबै सजग हुने कि ? बिडम्बना नै भन्नुपर्छ यति हुँदाहुँदै पनि हामी हाम्रो त्यही मौलिकता मेटाउन लागि परेको भान हुन्छ। किन आफ्नो स्वादलाई तिरस्कार गरी अर्काको जुठोपुरोलाई मिष्ठान मान्दैछौं हामी ? एक पटक बलियो सोच लिएर सम्पूर्ण शिक्षित नेपाली नारीले यो पाटोबाट सोच्न आवश्यक भइसकेको छ। धेरै कोणबाट विश्लेषण गर्दा लाग्छ, हामी जिउँदो विवेक बोकेका स्वचालित मानव हौं वा मानव निर्मित/परिचालित पात्र ? जसलाई जुन लहडमा बाँधिदियो त्यतै लतारिन्छ। हामी कतिपय नारी गहिराईमा पुग्नै नचाहने। केवल सतहको विचरण गर्ने अनि हकअधिकार र न्याय दिएन भनेर परिवारभित्रै किन सधैं रोइलो मात्रै गरिराख्ने ?

पुरुषले हामीलाई के दिनु र अपेक्षा अनि रोइलो गर्ने ? जबकि प्रकृति स्वयंले हामीलाई पुरुषलाई भन्दा बढी दिएको छ। पुरुषलाई दिने त हामीले हो- सही शिक्षा र संस्कार। जसले हामी नारी-पुरुषबीच एकअर्कामा परिपूरकको भूमिका पनि दिन्छ। नारी पत्नी मात्र होइन, आमा पनि हो। एउटा शिशुलाई एउटी आमाले दिन सक्ने शिक्षा अर्को कुनै पनि किताबले दिन सक्दैन। यदि प्रत्येक आमाले सन्तानलाई नारी जातिको मानसम्मान गर्ने शिक्षा दिने संस्कार बसाल्ने हो। प्रत्येक विद्यालयले अंक र प्रतिशतको आडम्बर छोडेर यथार्थको धरातलमा उभिने र नैतिकताको पाठ विद्यार्थीलाई पढाउने हो भने यही धर्ती स्वर्ग बन्छ। त्यो अवस्थामा हामीले स्वीट्जरल्यान्ड वा सिंगापुर सम्झनु पर्दैन। अरूले नेपालको उदाहरण दिनेछन्।

### ऐतिहासिकता...

सबै धर्म जातिको संस्कृतिलाई संरक्षण गर्न लाग्ने वताएका थिए। सोही अवसरमा समाजको अगुवा, बुद्धीजीवी, विद्धान, पत्रकार सहित दर्जनौ क्षेत्रमा योगदान गरेका व्यक्तिहरुलाई ओलीले सम्मान समेत गरेका थिए।

उक्त समारोहमा मिथिला क्षेत्रको चर्चित गायक आभाष लाभ, विरेन्द्र झा सहित विभिन्न विद्यालयको बालबालिकाहरुले सांस्कृतिक एवंम जितिया पर्व विशेष गीत, नृत्यहरुको प्रस्तुती समेत भएको थियो।

तराई मधेश क्षेत्रमा जितिया पर्वलाई संरक्षण सहिहत शशक्तिकरणको उदेश्य सहित विगत ११ वर्ष देखि निरन्तर रुपमा जितिया पर्व समारोह गर्दै आएको वताउँदै आयोजक संस्थाकी अध्यक्ष बसुन्धरा झाले कार्यक्रम सम्पन्न गरेकी थिइन।

### अदालतमा...

विनियोजन गरेको छ।

तर, निर्वाचन आयोगले भाद्र ३ गते प्रेस विज्ञप्ति जारी गर्दै चुनावको मिति घोषणा भइसकेकाले उक्त रकम खर्च गर्नु आचारसंहिताविपरीत हुने भन्दै बजेट कार्यान्वयन नगर्न प्रदेश सरकारलाई निर्देशन दिएको छ। रिट निवेदक प्रदेशसभा सदस्यहरूले निर्वाचन आयोगको उक्त निर्देशन संवैधानिक एवं कानूनी भूमिकाको ख्याल नगरी आएको दावी गर्नुभएको छ।

प्रदेश १ का सदस्यहरूले प्रदेश सरकारले चुनावको मिति घोषणा नभईकन उक्त रकम विनियोजन गरेको र खर्च गर्न नपाउँदा जनताको विकासको अधिकार कुण्ठित हुने भन्दै कार्यान्वयनको बाधा फुकाउनुपर्ने माग गर्नुभएको छ। आर्थिक समानता, सामाजिक न्याय, समावेशी सिद्धान्तअनुसार विकासको अधिकार सुनिश्चित गर्न सरकारले विनियोजन गरेको उक्त रकम प्रदेशसभा सदस्यहरूले खर्च गर्न पाउनुपर्ने माग रिट निवेदकहरूको छ।

### एउटै...

कार्यालय रामपुरठोक्सिलाबाट खोजतलासमा खटिएको प्रहरी टोलीले बस्नेतलाई बेलका नगरपालिका ६ बरबोटे स्थितबाट भाग्दै गरेको अवस्थामा घटनामा प्रयोग भएको खुकुरी सहित पक्राउ गरेको थियो।

पक्राउ परेका बस्नेतको सम्मानित जिल्ला अदालत उदयपुरबाट म्याद थप गरी ज्यान सम्बन्धी कसुरमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

### अपांग...

जनाएको छ। अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री कोशीका उपाध्यक्ष अनितादेवी यादवले हस्तान्तरण गर्नुभएको कोशी सामाजिक शाखाका प्रमुख राजकिसोर मेहताले जानकारी दिनु भयो।

विभिन्न चरणमा भएका स्वास्थ्य शिविर तथा परिक्षण शिविर र गृहभेटबाट सिफारिस भएकाहरुलाई गाउँ पालिकाको कार्यालयले प्रदेश सरकार र करुणा फाउन्टेसनको सहयोगमा सामग्री वितरण गरिएको हो। अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण कार्यक्रमममा करुणा फाउ न्टेसनको जिल्ला संयोजक भारती देव, कार्यक्रम संयोजक राजकिसोर मेहता, कोशी ३ का वडा अध्यक्ष सुलेमान मंसुरी, स्वास्थ्य संयोजक रितामाया मगर, सिबिआर सहजकर्ताहरु राजेश यादव, प्रमेश्वरी मण्डल, सिताराम साह र मिलिजुली समूहका अध्यक्ष जितेन्द्र साह सहितको उपस्थिती रहेको थियो।

सिबिआर सहजकर्ताहरु राजेश यादव, प्रमेश्वरी मण्डल, सिताराम साह र मिलिजुली समूहका अध्यक्ष जितेन्द्र साह समेतले तालिममा सहजिकरण गर्नुभएको थियो।

# उराउ समुदायको पाँचौ करम पूजा सम्पन्न

जयकृष्ण यादव

इनरुवा। सुनसरी सदरमुकाम इनरुवामा पाचौं करम पूर्व सन्ध्या तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

सुनसरीको इनरुवा नगर पालिका क्षेत्रमा बसोबास गर्ने उराँव समुदायले आफ्नो महान पर्व करम पूजाको अवसरमा सांस्कृतिक कार्यक्रम समेत गरको हो।

नेपालमा उराँव आदिवासी जनजाति प्रतिष्ठान इनरुवाको आयोजनामा करम पूर्व सन्ध्या कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको प्रतिष्ठानका अध्यक्ष बेचन उराँवले जानकारी दिनुभयो। भाद्र पूर्णिमाको दिन करम पूजा मनाइने भएकाले त्यस अघि नै जमरा राखेको र सोही जमारा लगाएर करम पुजा सहित सांस्कृतिक कार्यक्रम गरेको जनाएको छ।

करम पूजा मनाउनलाई एक हप्ता अगाडि बाजा-गाजा सहित स्थानीय नदीबाट जमरा राख्न वालुवा ल्याइन्छ। सोही विधि अन्तरगत इनरुवाको सुनसरी खोलाबाट बालुवा ल्याएर जमरा राखिएको र शनिबार जमारा लगाएर पूजासगैं पाचौं करम पूजा गरेका थिए

अध्यक्ष उराँवका अनुसार इनरुवाको प्रतिष्ठानको कार्यालय प्रागणबाट हजार बढीको संख्यामा उरावहरु आफ्नै मौलिक भेषभुषामा सजिएर ऱ्याली समेत निकालिएको थियो। उराँव समुदायको महान पर्वको बारेमा जानकारी दिन तथा भाषाको संरक्षण गर्ने र मौलिकता प्रदर्शन गर्ने उद्देश्यका साथ कार्यक्रम सम्पन्न गरेको प्रतिष्ठानका उपाध्यक्ष जयप्रकाश उराँवले बताउनुभयो।

उहाँले उराँवहरूको हक, अधिकार र पहिचानका लागि योगदान रहने गरि पाँचौं करम पूर्व सन्ध्या कार्यक्रम गरिएको जानकारी दिनुभयो।

कार्यक्रमको उद्‌घाटन गर्नुहुदै प्रमुख अथिति संघिय सांसद सिताराम मेहताले उराँवहरुको पक्षमा नेपाली काग्रेंसले २००७ देखी काम गर्दै आएको बताउनुभयो। वहाँले प्रतिष्ठान निर्माणमा आधा करोड बजेटदेखी प्रत्येक वर्ष करम पुजामा समेत आफू र आफ्नो पार्टीले सहयोग गर्दै आएको बताउनुभयो।

विषेश अथिति एवम् नेपाली काग्रेंसका केन्द्रिय सदस्य राजिव कोईरालाले उराँव समुदायको महान पर्वको अवसरमा शुभकामना दिनुहुदै उराँवहरुको हरेक क्षेत्रमा प्रतिनिधित्वका लागि पार्टी र आफूले योगदान गर्दै आएको बताउनुभयो। वहाँले उराँव समुदाय इनरुवाको पहिलो जाती मध्येको एक भएकाले उनीहरुको भाषा, कला, संस्कृति र संस्कारको संरक्षणमा आफूले पनि सहयोग गर्ने बताउनुभयो।

फरक प्रसंगमा नेता कोईरालाले मंसिर ४ मा हुने आम निर्वाचनमा विकास प्रेमी र दुरदर्शि नेताहरु तथा उम्मेदबारहरुलाई सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

प्रतिष्ठानका सचिव रामलाल उराँवले उराँवहरू नेपालका धर्ती पुत्र भएकाले आफूहरूको हरेक क्षेत्रमा प्रतिनिधित्व आवश्यक रहेको उल्लेख गर्नुहुदै यस प्रकारको कार्यक्रमको आयोजना गरेको बताउनुभयो। उराँवहरूले करम राखेको दिनदेखि नै अहिले दैनिक अखडा(मञ्च) मा आफ्नो पहिरनसहित नाचगान गर्ने, प्रवचन भन्ने र सुन्ने लगायतका कार्यक्रम गर्दै करम पूजा गरेको प्रतिष्ठानका कोषाध्यक्ष तथा शिक्षक सम्पतलाल उराँवले जानकारी दिनुभयो। करम पूर्व सन्ध्या तथा सांस्कृतिक कार्यक्रममा उराँव कलाकारहरूले नाटक, नृत्य र झाँकी प्रदर्शन गरेको छ।

करम पूर्व सन्ध्या कार्यक्रममा आफ्नो कला कौशल, गीत, नृत्य, पहिरन, बाजागाजा, पोशाक, मौलिक हातहतियार, कृषि औजार, जीविकोपार्जनका साधन प्रदर्शन गरिएको नेपाल उराँव आदिवासी जनजाति प्रतिष्ठानका सहसचिव देवप्रकाश उराँवले बताउनुभयो।

प्रतिष्ठानका सल्लाहकार नुनुलाल उरावले नयाँ पुस्तालाई उराँव समुदायको परम्परागत भेषभुषा र भाषा, संस्कृति प्रति जानकारी दिन र इनरुवा झोडा फँडानी भएका समयमा बसोबास गर्ने पहिलो जाति भएकाले यस जातिका बारेमा सबैलाई जानकारी गराउनको लागि पनि करम पूर्व सन्ध्या गरेको उल्लेख गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष बेचन उराँव, उपाध्यक्ष जयप्रकाश उराँव, सचिव रामलाल उराँव, कोषाध्यक्ष सम्पतलाल उराँव, सहसचिव देवप्रकाश उराँव सहित सदस्यहरु दुर्गानारायण उराँव, प्रमेश्वर उराँव, रिमा उराँव, जयकुमार उराँव, सल्लाहकार नुनुलाल उराँव, बासुदेव उराँव, उराँव अगुवा जयराम उराँव, भूमि उराँव, प्रेमलाल उराँव, लक्ष्मी उराँव, विनोद उराँव, विजय उराँव लगायत उराँवको उपस्थितीमा सन्ध्या कार्यक्रम गरिएको थियो।

कार्यक्रममा भारतको झारखण्डको राची विश्व विद्यालयका प्रध्यापक महेश भगत सहित पाँच जनालाई सम्मान गरिएको थियो।

कार्यक्रममा इनरुवा नगर पालिकाका पूर्व नगर प्रमुख तथा नेकपा एमालेका नेता खेमराज पोखरेल, नेकपा एमालेका जिल्ला अध्यक्ष रेवतीरमण भण्डारी, इनरुवा नगरपालिका २ का वडा अध्यक्ष विष्वनाथ ठाकुर, पूर्व वडा अध्यक्ष सुरेन्द्र प्रसाद यादव, रविन्द्र प्रसाद मण्डल, पत्रकार जयकृष्ण यादव सहितको उपस्थिती रहेको थियो। नेता खेमराज पोखरेलले पनि उराँवहरु हक हितमा काम गर्ने प्रतिवद्धता जनाउनुभयो।

हातधुने बानी बसालौं, संक्रमणबाट जोगिऔं

साबुन पानीले मिचिमिचि हात धोऔं।

- हत्केला पछाडी, औंलाको बीच, नङभित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।
  जीवाणु लगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# खोइ त बजार अनुगमन ?

*नेपालीमा वहुजाती, वहु धर्मामिक र बहुसांस्कृतिक समुदायको बसोवास भएकोले कृष्णा जन्माष्टमी देखि नै विभिन्न समुदायको चाडपर्वहरु शूरु भई सको छ । अहिले खास गरी मधेशी समुदायका विवाहीत महिलाहरुले मनाई रहको जितिया पर्व र आउने दशै, तिहार र छठ पर्व मा आम उपभोक्ताले बढी भन्दा बढी खाद्ययानहरु खरीद गर्ने भएकोले सोही समयमा आम व्यपारीले अखाद्य बस्तुहरु बढी भन्दा बढी विक्रीवितरण गर्न खोज्ने भएकोले संवन्धित निकायले समयमै बजारलाई अनुगमन गरी बजारमा रहेको अखाद्य बस्तुहरुलाई नियन्त्रणमा लिई अखाद्य बस्तु विक्रीवितरण गर्ने व्यपारीहरुलाई समयमै कारवाहीको दायरामा ल्याउन जरुरी छ ।*

*व्यपारीहरुले बढीभन्दा बढी फाईदा लिने चक्करमा मानव जीवनसंग खेलवाड गर्न समेत पछि पर्दैन । आफुले खाएको घटाको परिपुर्ति गुणस्तर वस्तुमा मिलावट गरी सामग्री वेच्नुमै आफूलाई बुद्धीमानी ठान्दछन् । त्यस्ता चलाख र मानव जीवनका खलवाड गर्ने व्यापारीलाई सम्वन्धीत निकायले सार्वजनिक रुपमा कारवाही गर्न जरुरी छ । आम उपभोक्त अखाद्य बस्तु खान वाध्य भएसंग बजारमा महंगी पनि व्यापरीले नै बढाएको छ । समानलाई स्टक गर्ने, बजारमा अभाव देखाउन अनि सामानको मुल्य बृद्धि गर्ने खेलमा समेत व्यापारीको हात भएकोले आम जनता व्यापारीको चक्करमा पिडित भएका छन् ।*

*त्यसैले उपभोक्तको हितलाई मध्य नजर राख्दै शूरु भएको चाडवाडको वेला जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय र नाप तौल कार्यालयले संयुक्त रुपमा खास गरी ठूला बडा मलहरुमा, ठूला किराना पसलमा, मिठाई पसल लगायतमा अनुगमन गर्नु जरुरी छ । अनुगमनको वेला देखिएको अखाद्य सामग्री नष्ट गरी सो पसललाई शिलवन्दी गरी व्यपारीलाई सार्वजनिक रुपमै कारवाही गर्नु पर्दछ । अन्यथा फेरी पनि चाडवाडको वेला उपभोक्ता ठगीनुका साथै अखाद्य बस्तु खाएर आफ्नो ज्यानलाई जोखिममा पार्न बाध्य हुने छ । त्यसैले समयमै सकारात्मक कदम चाल्न जरुरी छ ।*

# गलत संवैधानिक व्यवस्थाले देश संकटग्रस्त

प्रभु साह

संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि पनि देशले सही दिशा लिन सकेको छैन । लामो द्वन्द्व र संक्रमण कालबाट गुज्रेको नेपाल फेरि पनि अन्यौलग्रस्त नै छ । संविधान निर्माणपछि देशमा राजनीतिक द्वन्द्वको अन्त्य हुने विश्वास विपरीत राजनैतिक संकट बढ्दो छ ।

राजनीतिक दलहरू बिचको सत्ता छिनाझपटीले स्थिरता र स्थायित्वको सपना चकनाचुर भएको छ र आम जनतामा दलीय प्रणालीप्रति वितृष्णा बढ्दो छ । आखिर किन नयाँ संविधान कार्यान्वयनपछि पनि जनता उत्साहित हुन सकेनन् ? देशमा आफ्नो भविष्य देख्नुको सट्टा युवा प्राय: विदेश पलायन किन हुँदैछन् ? के अमुक नेता वा पार्टीका कारण यसो भइरहेको हो ? वा राज्य व्यवस्थामै रहेका त्रुटिका कारण यी सबै भइरहेको हो ?

एउटा कुरा स्पष्ट छ कि देशमा राजनैतिक संकट बढ्नुमा अमुक राजनीतिक पार्टीभन्दा पनि शासन प्रणाली नै मुख्य दोषी हो । यसर्थ नयाँ संविधानले अंगीकार गरेको दर्शन, विचार र प्रणालीबारे चर्चा गर्न जरुरी छ । हामीलाई थाहा छ, संविधानसभाले कुनै निश्चित दर्शन, सिद्धान्त र शासन प्रणालीमा आधारित नभई राजनीतिक भागबन्डाको आधारमा नयाँ संविधान निर्माण गरेको छ । अर्थात् राजनीतिक पार्टीहरूबिच भागबन्डा भई लोकतन्त्रको बन्ध्याकरण र नियन्त्रण गरिएको छ, यसरी आम जनताले शासनको प्रत्याभूति गर्न सकेका छैनन् । यसर्थ, यस विषयको गहिराइमा पुग्न सर्वप्रथम वर्तमान संवैधानिक प्रावधानवारे बुझ्नु जरुरी छ ।

दलीय शाासन प्रणाली

लोकतन्त्रमा शाासनको बागडोर जनतामा निहित हुनुपर्छ । जनतामा निहीत बागडोरलाई कुनै पनि बहानामा अलग गर्ने कार्य लोकतन्त्र हुन सक्दैन । राजनैतिक दल भनेको जनतालाई राज्यसम्म पुर्याउने सहजकर्ता हो, जनताको नाममा शासन गर्ने होइन । लोकतन्त्रमा जननिर्वाचित संस्थाले मात्र राज्यको कुनै पनि अंग र निकायलाई नियन्त्रण वा संचालन गर्न सक्छ ।

तर नेपालको दलीय शासन प्रणालीले निर्वाचित सरकार वा संसद समेतलाई गैर निर्वाचित संस्था अर्थात् राजनीतिक दलहरूले नियमन र नियन्त्रण गर्ने व्यवस्था छ, जो आम लोकतान्त्रिक मान्यता विपरीत हो । अर्थात् नेपालमा लोकतन्त्रको नाममा राजनीतिक दल र राजनीतिक दलको नाममा केही सीमित व्यक्तिले शाासन गरिरहेका छन् । यसलाई रूपमा लोकतन्त्र भनिए पनि सारमा मुट्ठीभर व्यक्तिको शासनतन्त्र हो ।

रुशासकीय स्वरूप

जनतालाई शासनको प्रत्याभूति दिने विषय नै शासकीय स्वरूप हो, यो समाज अनुकुल हुनुपर्दछ । यदि समाजको वस्तुगत धरातल अनुरूप शासकीय स्वरूप भएन भने समाजको गति अवरुद्ध हुन पुग्दछ । आज नेपाल जस्तो बहुविविधताले भरिएको भूपरिवेष्ठित मुलुक, जहाँ संघीय संरचना र मिश्रित निर्वाचन प्रणाली छ । यस्तो समाजमा विविधतालाई जोड्न सक्ने बलियो केन्द्र बनाउनुको सट्टा नेपालको संविधानले अंगीकार गरेको शासकीय स्वरूप बहुकेन्द्र र लाचार चरित्रको छ ।

तीन तहमा विभाजित राज्य संरचनाको केन्द्रको कार्यपालिका दुई तहमा विभाजित छ । कार्यकारी भनिएको प्रधानमन्त्री संसदको बहुमतबाट निर्वाचित हुने व्यवस्था छ । राष्ट्रपतिको मातहत रहने प्रधानमन्त्री संसद्को बहुमतद्वारा निर्देशित हुन्छ । जबकि मिश्रित निर्वाचन प्रणालीले गर्दा कुनै एक पार्टीको संसदमा स्पष्ट बहुमत हुँदैन । प्रधानमन्त्री बहुमतको खोजीमा संसदको लाचार छाँया बन्नुपर्ने हुन्छ । यस्तो लाचार संस्थाले लोकतन्त्रको सेवा गर्न सक्दैन । न त देशलाई नै सही दिशा दिन सक्छ । अत: देशको शासकीय स्वरूप पनि खिचडी रहेको कुरा स्पष्ट छ ।

समानुपातिक प्रतिनिधित्व

आर्थिक-सामाजिक रूपमा विभेदको शिकार भएका समुदायलाई जनसंख्याको अनुपातमा प्रतिनिधित्व गराउने लोकतान्त्रिक प्रणाली समानु पातिक प्रणाली हो । अर्थात् समाजमा रहेका सबै प्रकारका असमानतालाई सही सम्बोधन गर्ने लोकतान्त्रिक विधि समानुपातिक प्रतिनिधित्वको विधि हो । लोकतन्त्रको उत्कृष्ट विधिको रूपमा रहेको समानुपातिक प्रतिनिधित्वलाई नेपालको संविधानले रूपमा स्वीकार गरे तापनि सारमा त्यसको हत्या गरेको छ ।

खुल्ला र समानुपातिक प्रतिनिधित्वको मिश्रित प्रणाली अपनाएको नेपालमा खुल्ला/प्रत्यक्ष र समानुपातिक बिचको अन्तरलाई स्पष्ट गर्न सकेको छैन । यदि खुल्ला वा प्रत्यक्ष सबैका लागि र समानुपातिक उत्पीडित समुदायका लागि हो भन्ने समानुपातिक क्लस्टरमा खस आर्य छुट्याई रहनु पर्दैन । किनकि दुनियाँमा कहीँ पनि शासक जातिलाई आरक्षणको व्यवस्था हुँदैन । यदि खस आर्यलाई पनि समानुपातिक दायरामा राख्ने हो भने खुल्ला प्रतिनिधित्वको औचित्यलाई पुष्टि गर्न सक्नु पर्छ ।

सबै वर्ग र समुदायलाई क्लस्टरगत प्रतिस्पर्धामा ल्याएपछि आम प्रतिस्पर्धाको औचित्य नै रहँदैन । नेपालमा अभ्यास भइरहेको ६०/४० को मिश्रित निर्वाचन वा ४५/५५ को छनोट प्रणाली कुनै दर्शन वा सिद्धान्तमा आधारित नभई सीमित वर्ग र समुदायको स्वार्थमा आधारित खिचडी प्रणाली हो । यसले न त उत्पीडित समुदायलाइ उत्साहित गरेको छ, न त शाासन व्यवस्थालाई नै स्थिर गर्न मद्दत गरेको छ । अर्थात् मिश्रित निर्वाचन प्रणालीले न त देशलाई स्थिर सरकार दिन सकिरहेको छ, न त उत्पीडित समुदायको सही व्यक्ति छनोट भइरहेको छ ।

दल र व्यक्ति दुवै उम्मेदवार हुने नेपालको समानुपातिक निर्वाचन प्रणाली कहीँ नभएको जात्रा हाँडी गाउँमा भने जस्तै हो । जनताप्रति जवाफदेही न त दल हुन सकेको छ, न त निर्वाचित व्यक्ति नै । समानुपातिक जनप्रतिनिधिहरूले गर्दा जनता भन्दा दलीय नेतृत्वको निरंकुशतालाई नै बढावा दिएको छ । यसरी समानुपातिक प्रतिनिधित्वको सुन्दर पक्षलाई भ्रष्टीकरण गरी नेपालमा कथित मिश्रित प्रणालीको नाममा लोकतन्त्रलाई थप बन्ध्याकरण गरिएको छ ।

संघीयता

संघीयता लोकतन्त्रको उन्नत रूप हो । समाजमा रहेको जातीय विविधता र असमानतालाई सम्बोधन गर्न अर्थात् बहु-राष्ट्रिय मूलुकमा सबैलाई शासनको प्रत्याभूति दिने प्रणाली भनेकै संघीयता हो । बहु-जातीय मुलुकमा एक जातीय शासनलाई कुनै हालतमा लोकतन्त्र भन्न मिल्दैन ।

उत्पीडक र उत्पीडित जाति सबैलाई शासनको प्रत्याभूति संघीय शाासन प्रणालीमा मात्र सम्भव छ । नेपालको जातीय-क्षेत्रीय विविधतालाई सम्बोधन गर्ने खालको संघीय संरचनाको माग र आवश्यकता रहे पनि नेपालको संविधानले अधारहीन प्रदेश निर्माण गरी रूपमा संघीयता स्वीकार गरेता पनि सारमा त्यसको बन्ध्याकरण गरेको छ ।

त्यसमा पनि नेपालमा भएको राज्यको तीन तहको संघीय विभाजन वास्तवमा संघीयताको अपमान हो । विश्वको कुनै पनि संघीय मुलुकमा राज्यको तीन तह हुँदैन । नेपालमा रहेको तीन तह र त्यसको क्षेत्राधिकारलाई समेत हेर्ने हो भने स्थानीय तहलाई प्राकृतिक साधन श्रोतको मालिक बनाइएको छ । र, प्रदेशले उपभोग गर्ने शान्तिसुरक्षा एवं राजस्वको अधिकार समेतलाई केन्द्रमा लगिएको छ ।

अर्थात् नेपालमा रहेका प्रदेशहरू अधिकारविहीन हात्तीको देखाउने दाँत जस्तै हो । नेपालको संघीयताले न त उत्पीडित जातिलाई शाासनको प्रत्याभुति दिलाउन सक्छ, न त शासन संचालनमा सहजता निर्माण गर्न सक्छ । किनकि प्रशासनिक विकेन्द्रीकरणको ढाँचामा ल्याइएका तीन तहका संरचनाबिच

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु** होला । **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चिल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## प्रतिवन्धीत लागुऔषध ब्राउनसुगर सहित पाँच पक्राउ



बिराटनगर । झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट प्रहरीले प्रतिवन्धित लागुऔषध ब्राउनसुगर सहित ५ जनालाई पक्राउ गरेको छ ।

सोमबार झापाको मेचीनगर नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल आउदै गरेको प्रदेश १-०२-०४४ प ३९२९ नम्बरको मोटरसाईकलमा सवार रहेका लेटाङ नगरपालिका-४ मोरङका २१ बर्षीय सनिप राई र २१ बर्षीय पुर्ण प्रकाश मगरलाई पक्राउ गरेको थियो ।

उनीहरुको साथबाट ३ ग्राम ब्राउन सुगर बरामद भए संगै मेचीनगर नगरपालिका-७ का २१ बर्षीय रोहित मंडल समेत संलग्न रहेकोले खुलेपछि रोहितलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

त्यसैगरी दमक नगरपालिका -२ खरखरे स्थितबाट इलाका प्रहरी कार्यालय दमकको प्रहरी टोलीले संकास्पद अवस्थामा हिडिरहेका दमक-२ का ४१ बर्षीय भिम बहादुर खत्रीको साथबाट ७ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

मोरङको बिराटनगर महानगरपालिका-१५ स्थित रानी भन्सार कार्यालयको १ नम्वर ढाटमा लागु औषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल आउदै गरेको प्रदेश १-०२-०४ प १७५७ नम्बरको मोटरसाईकलमा सवार रहेका सुन्दरहरैचा नगरपालिका-२ का २८ बर्षीय ज्ञानदिप चौलागाँई को साथबाट ७५० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउनसुगर सहित पक्राउ परेका पाँचै जनाको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको
कार्यालय कटहरी,
मोरंग, प्रदेश १




# पहिचान मेटाउने कि चम्काउने ?

शारीरिक तौल र मांसपेशी तथा हड्डीको बल एवं शारीरिक संरचनाले पुरुषहरू बलिया देखिन्छन्। सौहाद्रता, कुसाग्र बुद्धि, सहनशिलता, संयमलगायत थुप्रै गुणमा भने प्रकृतिले नारी जातीलाई बलियो बनाएको छ । अलिकति मात्रै पनि संयमता अपनाएर दूरदर्शिताका साथ आफ्ना कर्म गर्ने प्रण गर्ने हो भने प्रत्येक नारीले परिवार, समाज र देशकै कायापलट बनाउन सक्छिन् । यस अर्थमा नारीको भूमिका देश निर्माणमा अझ सशक्त हुन आउँछ। देशको निर्माण भनेको पनि एउटा घरकै निर्माण सरी हो । जसको जग बलियो हुनु आवश्यक छ । जसरी घरको जग बलियो हुँदा सिंगो घर बलियो हुन्छ । त्यसैगरी देशको जग बलियो भयो भने मात्र सिंगो देश सबल र विकसित बन्न सक्छ । देशको जग भनेकै उसको मौलिक पहिचान हो । देशको भाषा, धर्म, संस्कृति र संस्कार हुन् । पितापुर्खाका पालादेखि चलिआएका हाम्रा रीतिथिति हाम्रा धरोहर हुन् । हाम्रा समस्त चाडबाड र परम्पराले बेग्लै अस्तित्व बोकेर विश्वसामु शिर ठाडो पारेर उभिन सफल हुन्छौं, भएका पनि छौं ।

नेपाली संस्कृतिमा सौभाग्यको रंग रातो हो । हाम्रो सभ्यता र संस्कृतिमा सौभाग्यको रंग रातो नै हो । वैदिक मन्त्रोच्चारणले सजिएको जग्गेमा गरिने नेपाली विवाहले दिने सौभाग्यको सिन्दूरको रंग, चोली, फरियाको रंग, हातभरी सजिने चुराको रंग घाँटीमा सजिने लगनको पोतेको रंग सबै सबै रातै हुन्छन् । कुन रंग छ हाम्रो सौभाग्यमा रातो रङ छोडेर ? हरियो र पहेंलो चुरा, फरिया वा माला हाम्रो संस्कृतिले दिने सौभाग्यको चिनारी होइन । आफ्नो श्रृंगारका लागि जहिले जुन रङ लगाउँदा पनि हुन्छ तर साउन लाग्ना साथ मेहन्दी र हरियो, पहेंलो चुरा अनि पोशाकलाई बढावा दिनु भनेको अरूलाई अघि र आफूलाई पछि पार्ने काम हो । नेपालसँग अरू कुनै देशको संस्कृति एउटै हो भन्ने भ्रम छरेर मन्द विष छर्ने काम पनि भइरहेको छ। त्यस्ता विषयमा सजग हुनुपर्छ । नेपालको धर्म, संस्कृति र सभ्यता भनेको हिमवत खण्डको हो। जुन अरू कुनै देशमा छैन । त्यसैले भनिएजस्तो धर्म, संस्कृति र सभ्यता कुनै देशसँग समान हुने कुरै छैन । तर यस कुराको ज्ञान सबैलाई नहोला अनि यसबारे सोच्ने फुर्सद पनि नहोला ?

अध्यात्मले वर्णन गरे अनुसार अध्यात्मको पहिलो तह कर्मकाण्ड हो । कर्मकाण्डभन्दा माथि धर्म हुन्छ । धर्मभन्दा माथि तप हुन्छ । नेपाल भूमि तपोभूमि हो । हाम्रो भूमिमा वेद लेखिएको मान्यता छ। भारतको गङ्गा तटमा पुराण लेखियो । उक्त पुराणले जिउँदैमा गर्ने कर्मकाण्ड, पूजाआजा र मृत्युपछि गर्ने गराउने संस्कारका अध्यायहरू लेखिदिए । त्यसैका आधारमा प्रभाव र दुश्प्रभावका कारण अनेकौं कथाहरू लेखिन पुगे। नेपालबाट काशी बनारस अध्ययन गर्न पुगेकाहरूले पुराण र वेदको मिसावट गर्दिनाले अर्थको अनर्थ पनि हुन पुगेका छन्। वैदिक सभ्यताका नाममा गरिने कार्यले कतै वैदिक सनातनको जगमा उभिएको हाम्रो हिमवत खण्डको सभ्यतालाई ओझेलमा पार्ने कार्य त गरेको छैन ? सोचनीय विषय छ। हाम्रो देश शिवको देश हो । क्षेत्रपालको देश हो ।

कुनै पनि मुलुकको किन नहोस्, नारी भनेको आधा आकाश हो । प्रजनन्को बलियो आधार अनि जननी हो । यो सृष्टिलाई अविरल अविछिन्न बगाउने नारीले आफ्नो शक्ति, कर्म र कर्तव्य चिन्नु र बुझ्नु अनि सदुपयोग गर्नु अपरिहार्य छ। हामीले देखेको र सुनेको कुराभन्दा पर धेरै सत्य हुनसक्छन् । शिक्षित हुनु र साक्षर हुनु दुवै फरक कुरा हुन् । प्रकृतिले पुरुषको तुलनामा स्त्रीजातिलाई धेरै गुणले सुसज्जित गरेको छ । त्यसैले पनि म आफू नारी भएर जन्मिएकोमा गर्व गर्दछु र प्रकृतिप्रति आभार प्रकट गर्दछु । नारी भएकै कारण वा जननी भएकै कारण पनि देशप्रति, हाम्रा संस्कृति र सभ्यताप्रति पुरुषभन्दा बढी उत्तरदायित्व हामी नारीको छ । भविष्यका कर्णधारलाई हामीले घरमा दिने शिक्षा र संस्कृतिले देश निर्माणमा ठूलो भूमिका निर्वाह गर्न सक्छ । धेरै केही गर्नुपर्दैन, केवल इमान्दारीको पाठ मात्रै पढाउन सक्यौं र नैतिक आचरणको सही शिक्षा दिन सक्यौं भने त्यही सानो मष्तिष्क भोलि ठूलो स्वरूपमा रूपान्तरण हुनसक्छ ।

प्रत्येक बुहारीलाई रसरंग गर्ने, खेल्ने कुद्ने र स्वाभावत: बाँच्ने परिवेश दिनुहोस् अनि सम्पूर्ण छोरीहरू यसै सुखी र खुसी रहन्छन्। छोरा र छोरीको विभेद स्वत: हटेर जानेछ। तर यसविपरीत जब नारीले नै आफ्ना संस्कृति र धरोहरहरूको तिलाञ्जलि दिन थाल्छिन् भने कसले जोगाउँछ मौलिक चिनारी ? मौलिकताको पुस्ता हस्तान्तरण कसले गर्छ र कसरी हुन्छ ? राष्ट्र रहे हामी रहन्छौं । राष्ट्रको स्वतन्त्रता र पहिचानका लागि मौलिक संस्कृति र सभ्यतालाई बलियो बनाउनु अपरिहार्य छ । अत : सम्पूर्ण अस्तित्व सकिनुअघि नै यसतर्फ सबै सजग हुने कि ? बिडम्बना नै भन्नुपर्छ यति हुँदाहुँदै पनि हामी हाम्रो त्यही मौलिकता मेटाउन लागि परेको भान हुन्छ। किन आफ्नो स्वादलाई तिरस्कार गरी अर्काको जुठोपुरोलाई मिष्ठान मान्दैछौं हामी ? एक पटक बलियो सोच लिएर सम्पूर्ण शिक्षित नेपाली नारीले यो पाटोबाट सोच्न आवश्यक भइसकेको छ । धेरै कोणबाट विश्लेषण गर्दा लाग्छ, हामी जिउँदो विवेक बोकेका स्वचालित मानव हौं वा मानव निर्मित/परिचालित पात्र ? जसलाई जुन लहडमा बाँधिदियो त्यतै लतारिन्छ । हामी कतिपय नारी गहिराईमा पुग्नै नचाहने । केवल सतहको विचरण गर्ने अनि हकअधिकार र न्याय दिएन भनेर परिवारभित्रै किन सधैं रोइलो मात्रै गरिराख्ने ?

पुरुषले हामीलाई के दिनु र अपेक्षा अनि रोइलो गर्ने ? जबकि प्रकृति स्वयंले हामीलाई पुरुषलाई भन्दा बढी दिएको छ । पुरुषलाई दिने त हामीले हो- सही शिक्षा र संस्कार । जसले हामी नारी-पुरुषबीच एकअर्कामा परिपूरकको भूमिका पनि दिन्छ । नारी पत्नी मात्र होइन, आमा पनि हो । एउटा शिशुलाई एउटी आमाले दिन सक्ने शिक्षा अर्को कुनै पनि किताबले दिन सक्दैन। यदि प्रत्येक आमाले सन्तानलाई नारी जातिको मानसम्मान गर्ने शिक्षा दिने संस्कार बसाल्ने हो । प्रत्येक विद्यालयले अंक र प्रतिशतको आडम्बर छोडेर यथार्थको धरातलमा उभिने र नैतिकताको पाठ विद्यार्थीलाई पढाउने हो भने यही धर्ती स्वर्ग बन्छ । त्यो अवस्थामा हामीले स्वीट्जरल्यान्ड वा सिंगापुर सम्झनु पर्दैन । अरूले नेपालको उदाहरण दिनेछन् ।

शारीरिक तौल र मांसपेशी तथा हड्डीको बल एवं शारीरिक संरचनाले पुरुषहरू बलिया देखिन्छन्। सौहाद्रता, कुसाग्र बुद्धि, सहनशिलता, संयमलगायत थुप्रै गुणमा भने प्रकृतिले नारी जातीलाई बलियो बनाएको छ । अलिकति मात्रै पनि संयमता अपनाएर दूरदर्शिताका साथ आफ्ना कर्म गर्ने प्रण गर्ने हो भने प्रत्येक नारीले परिवार, समाज र देशकै कायापलट बनाउन सक्छिन्। यस अर्थमा नारीको भूमिका देश निर्माणमा अझ सशक्त हुन आउँछ। देशको निर्माण भनेको पनि एउटा घरकै निर्माण सरी हो । जसको जग बलियो हुनु आवश्यक छ । जसरी घरको जग बलियो हुँदा सिंगो घर बलियो हुन्छ । त्यसैगरी देशको जग बलियो भयो भने मात्र सिंगो देश सबल र विकसित बन्न सक्छ । देशको जग भनेकै उसको मौलिक पहिचान हो । देशको भाषा, धर्म, संस्कृति र संस्कार हुन् । पितापुर्खाका पालादेखि चलिआएका हाम्रा रीतिथिति हाम्रा धरोहर हुन् । हाम्रा समस्त चाडबाड र परम्पराले बेग्लै अस्तित्व बोकेर विश्वसामु शिर ठाडो पारेर उभिन सफल हुन्छौं, भएका पनि छौं ।

नेपाली संस्कृतिमा सौभाग्यको रंग रातो हो । हाम्रो सभ्यता र संस्कृतिमा सौभाग्यको रंग रातो नै हो । वैदिक मन्त्रोच्चारणले सजिएको जग्गेमा गरिने नेपाली विवाहले दिने सौभाग्यको सिन्दूरको रंग, चोली, फरियाको रंग, हातभरी सजिने चुराको रंग घाँटीमा सजिने लगनको पोतेको रंग सबै सबै रातै हुन्छन् । कुन रंग छ हाम्रो सौभाग्यमा रातो रङ छोडेर ? हरियो र पहेंलो चुरा, फरिया वा माला हाम्रो संस्कृतिले दिने सौभाग्यको चिनारी होइन । आफ्नो श्रृंगारका लागि जहिले जुन रङ लगाउँदा पनि हुन्छ तर साउन लाग्ना साथ मेहन्दी र हरियो, पहेंलो चुरा अनि पोशाकलाई बढावा दिनु भनेको अरूलाई अघि र आफूलाई पछि पार्ने काम हो । नेपालसँग अरू कुनै देशको संस्कृति एउटै हो भन्ने भ्रम छरेर मन्द विष छर्ने काम पनि भइरहेको छ। त्यस्ता विषयमा सजग हुनुपर्छ । नेपालको धर्म, संस्कृति र सभ्यता भनेको हिमवत खण्डको हो। जुन अरू कुनै देशमा छैन । त्यसैले भनिएजस्तो धर्म, संस्कृति र सभ्यता कुनै देशसँग समान हुने कुरै छैन । तर यस कुराको ज्ञान सबैलाई नहोला अनि यसबारे सोच्ने फुर्सद पनि नहोला ?

अध्यात्मले वर्णन गरे अनुसार अध्यात्मको पहिलो तह कर्मकाण्ड हो । कर्मकाण्डभन्दा माथि धर्म हुन्छ । धर्मभन्दा माथि तप हुन्छ । नेपाल भूमि तपोभूमि हो । हाम्रो भूमिमा वेद लेखिएको मान्यता छ। भारतको गङ्गा तटमा पुराण लेखियो । उक्त पुराणले जिउँदैमा गर्ने कर्मकाण्ड, पूजाआजा र मृत्युपछि गर्ने गराउने संस्कारका अध्यायहरू लेखिदिए । त्यसैका आधारमा प्रभाव र दुश्प्रभावका कारण अनेकौं कथाहरू लेखिन पुगे। नेपालबाट काशी बनारस अध्ययन गर्न पुगेकाहरूले पुराण र वेदको मिसावट गर्दिनाले अर्थको अनर्थ पनि हुन पुगेका छन्। वैदिक सभ्यताका नाममा गरिने कार्यले कतै वैदिक सनातनको जगमा उभिएको हाम्रो हिमवत खण्डको सभ्यतालाई ओझेलमा पार्ने कार्य त गरेको छैन ? सोचनीय विषय छ। हाम्रो देश शिवको देश हो । क्षेत्रपालको देश हो ।

कुनै पनि मुलुकको किन नहोस्, नारी भनेको आधा आकाश हो । प्रजनन्को बलियो आधार अनि जननी हो । यो सृष्टिलाई अविरल अविछिन्न बगाउने नारीले आफ्नो शक्ति, कर्म र कर्तव्य चिन्नु र बुझ्नु अनि सदुपयोग गर्नु अपरिहार्य छ। हामीले देखेको र सुनेको कुराभन्दा पर धेरै सत्य हुनसक्छन् । शिक्षित हुनु र साक्षर हुनु दुवै फरक कुरा हुन् । प्रकृतिले पुरुषको तुलनामा स्त्रीजातिलाई धेरै गुणले सुसज्जित गरेको छ । त्यसैले पनि म आफू नारी भएर जन्मिएकोमा गर्व गर्दछु र प्रकृतिप्रति आभार प्रकट गर्दछु । नारी भएकै कारण वा जननी भएकै कारण पनि देशप्रति, हाम्रा संस्कृति र सभ्यताप्रति पुरुषभन्दा बढी उत्तरदायित्व हामी नारीको छ । भविष्यका कर्णधारलाई हामीले घरमा दिने शिक्षा र संस्कृतिले देश निर्माणमा ठूलो

वांकी अन्तिम पेजमा...

# बजाज शोरूमद्वारा इलेक्ट्रिक अटो टेम्पो हस्तान्तरण



बिरानगर । इटहरी उप( महानगरपालिका(६ स्थित रहेको बजाज सोरुमले १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरलाई बिद्युतिय अटो टेम्पो हस्तान्तरण गरेको छ ।

समुदाय प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप आज एक कार्यक्रमको आयोजना गरी सोरुमका प्रवन्धक प्रदिप सन्थालियाले चालक सहित ९ सिट क्षमता भएको एउटा बिद्युतिय अटो टेम्पो १ नम्वर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीलाई हस्तान्तरण गरेको थियो ।

कार्यक्रममा बोल्दै सन्थालियाले प्रहरी नागरीकको निम्ति अहोरात्र खटिएको हुनाले हामी सुरक्षित रहेका छौ भन्दै आगामि दिनहरुमा समेत प्रहरीलाई आवश्यक सहयोग गर्दै रहने कुरा वहाँले बताउनु भयो ।

कार्यक्रममा प्रदेश प्रमुख गिरीले सोरुमका प्रबन्धक सन्थालियालाई बिशेष धन्यवाद दिनु हुंदै उक्त बिधुतिय अटो टेम्पो बिशेष गरी आत्महत्या रोकथाम तथा न्युनिकरण अभियानको लागि प्रयोग गरिने साथै प्रहरी गस्ति पेट्रोलिङको लागि पनि परिचालन हुने कुरा बताउनु भयो ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर





# आर्थिक वर्ष २०७९/८० को बजेटमा भएको त्रुटीपूर्ण व्यवस्था सच्याइएकोमा व्यपारीहरु खुशी

विराटनगर । आर्थिक विधेयक २०७९/०८० बाट स्वदेशी जि.आई.वायर, सेनिटरी प्याड र वनस्पति ध्यू/तेल उद्योगहरुको हितविपरीत हुनपुगेका त्रुटिपूर्ण व्यवस्थाहरुलाई सच्याउन हाम्रो मागरहँदै आएकोमा हालै अर्थ मन्त्रीले ती व्यवस्थाहरुलाई संशोधन मार्फत सच्याउनु भएकोमा शुखी व्यक्त गर्दै स्वदेशी उद्योगहरुको संरक्षणार्थ वहाँले चाल्नु भएको कदम प्रतिहार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेका छन् ।

ती त्रुटिपूर्ण व्यवस्थाहरुका कारण सम्बन्धित उद्योगहरु झण्डै ३ महिना देखि बन्द रहेकोमा हाल ती त्रुटिहरुको सुधार गरिएबाट सम्बन्धित उद्योगीहरु पूर्ववत अवस्थामा फर्किन उत्साहित हुनुका साथै त्यसबाट स्वदेशी उद्योग, उत्पादन, रोजगारी एवं औद्योगिकरणको संरक्षण तथा मुलुकको अत्मनिर्भरताको प्रवर्द्धन हुने भएकाले उक्त निर्णयलाई हृदय देखि स्वागत गरेको व्यापारीहरुले वताए ।

साथै, ती त्रुटिहरु सच्याउन हामीबाट भएका शान्तिपूर्ण आन्दोलन, पहल/पैरवी, प्रयास लगायत हामीलाई साथ, सहयोग, समर्थन एवं ऐक्वद्धता जनाउनु हुने नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ लगायत विभिन्न संघ-संस्थाहरु, ट्रेड युनियनहरु, राजनैतिक दलहरु, प्रशासनिक निकायहरु, बुद्धिजिवी वर्गहरु, उद्योगी/व्यवसायीहरु, श्रमिक/कामदार हरु, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण प्रत्यक्ष/अप्रत्यक्ष निकाय र व्यक्तित्वहरुलाई समेत विशेष धन्यवाद ज्ञापन गरेका छन् ।

त्यसका साथै, जि.आई.वायर उद्योगहरुलाई निर्यातमा अन्तःशुल्क फिर्ता नदिने पछिल्लो प्रावधान रहेकोमा त्यसलाई समेत परिमार्जन गरी अन्तःशुल्क फिर्ता दिने व्यवस्थाकायम गरिए पूर्वी नेपालबाटै करिब रु. पाँच अर्ब भन्दा बढिको निर्यात हुन सक्ने सम्भावना देखिएको हुँदा सोही अनुकूल प्रावधान ल्याई मुलुकको विदेशी मुद्रा आर्जन क्षमता अभिवृद्धि एवं अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने कार्यमा समेत अग्रसर हुन सरकार समक्ष आग्रह गर्दछौं । त्यसै गरी, आयातित तैयारी सेनिटरी प्याड र त्यसको कच्चा पदार्थको भन्सार महशुल (क्रमश : १.५ प्रतिशत र १ प्रतिशत) बीचखासै अन्तर नरहेकोमा स्वदेशी सेनिटरी प्याड उद्योगहरु अझै पनि कठिनता पूर्वक संचालन गर्नु पर्ने अवस्था रहेकाले स्वदेशी उद्योगहरुको प्रवर्द्धन एवं आयात प्रतिस्थापन गर्ने सरकारको उद्देश्य अनुरुप यस तर्फ पनि आवश्यक कदम चाल्न हुन अनुरोध गरेका छन् ।

उक्त कुराहरु नेपाल उदोग परिसंघ प्रदेश १ अध्यक्ष भीम घिमिरे, मोरंग व्यपार संघ अध्यक्ष नवीन रिजाल, उद्योग संगठन मोरंगका कार्यवाहक अध्यक्ष प्रदिप मरारका सहित प्रेस विज्ञप्तीमा उल्लेख छ ।

# झाडापखाला लाग्नको कारण यस्तो छ, कसरी बच्ने ?

अहिले गर्मी तथा वर्षातको समय छ। गर्मी तथा वर्षातको समयमा धेरै व्यक्ति तथा बालबालिकाहरुमा झाडापखालाको समस्या देखिन सक्छ ।

२४ घण्टामा ३ वा ३ भन्दा बढी पटक पानी जस्तो पातलो दिसा हुनुलाई पखाला लागेको भनिन्छ। झाडापखाला लाग्दा शरीरमा भएको पानी, नुन, खनिज तथा पोषक तत्व खेर जान्छ र शरीर कमजोर हुन्छ।

झाडापखाला मुख्य गरेर आँखाले देख्न नसकिने सूक्ष्म जीवाणुबाट लाग्ने रोग हो। यो रोग सबै उमेर समूहका मानिसलाई लाग्दछ तर बढी मात्रामा कुपोषित, फोहोर खाना र पानी खाने तथा फोहोर वातावरणमा रहने, व्यक्तिगत सरसफाइमा ध्यान नदिने मानिसहरुलाई बढी मात्रामा लाग्छ। झाडा पखाला लागेर जलवियोजन भइ बालबालिका हरुको मृत्यु नै हुने जोखिम समेत रहन्छ ।

झाडा पखाला विशेष गरी दिशा मुखबाट गएर लाग्ने रोग हो। दुषित पानी पिएमा, सडे गलेको, झिँगा बसेको खाना खाएमा, काँचै खाने तरकारी वा फलफूल सफा नगरी खाएमा, हात नधोई खाना खाएमा दिसामा भएका रोगका जिवाणुहरु पानी, खाना र हातको माध्यमबाट शरीर भित्र प्रवेश गर्दछ र झाडा पाखाला लाग्छ।

झाडा पखालाका कीटाणुहरु गर्मी मौसममा बढी सक्रिय हुन्छन्। गर्मी मौसममा खानेकुरा पनि छिटो गल्छन् र कुहिन्छ।

झाडापखालाका लक्षणहरु

- झाडापखाला लाग्दा धेरै पटक दिसा लाग्छ ।

- वान्ता पनि हुनसक्छ।

- शरीरमा पानीको मात्रा कम हुँदै जान्छ र जलवियोजन हुन्छ ।

-जलवियोजन भएमा धेर्रै तिर्खा लाग्ने, जिव्रो सुक्खा हुने, आँखा गड्ने, पिसाब थोरै हुने वा पिसाब नै नहुने, बच्चामा पेटको छाला तानेर छाड्दा विस्तारै फर्किने, बिरामी सिथिल हुँदै जाने, बच्चाले दूध चुस्न नसक्ने रुदा आँसु नआउने, झिभिने वा वेहोस हुने पेट दुख्ने र ६ महिनाभन्दा कम उमेरको बच्चा भएमा तालु धसिने समस्या देखिन्छ ।

झाडापखाला लागेको बिरामीलाई समयमा नै उचित उपचार गरिएन भने बिरामीको मृत्यु समेत हुनसक्छ ।

झाडापखाला लाग्दा घरमै उपचार गर्ने ४ तरिका यस्ता छन् ।

- पखाला सुरु हुनासाथ अघिपछि भन्दा बढी झोल कुराहरु पटक पटक खाने

झोल कुराहरु आमाको दूध, गेडागुडी वा दालको रस, फलफूलको रस, भातको माड, पुनर्जलीय झोल वा सफा पानी खुवाउनु पर्छ।

- साविक बमोजिम खाना खुवाई रहने

बालबालिकालाई झाडा पखाला लागेको छ भने नरम तथा सजिलैसँग पच्ने खानेकुराहरु पटक पटक खान दिनुपर्छ। कुपोषण हुन नदिन, पखाला थामिएपछि २ हप्तासम्म हरेक दिन अघिपछि भन्दा १ पटक बढी खाना खान दिनुपर्छ। लिटो, जाउलो, पारिवारिक खाना, दूध, दही, मौसम अनुसारको फालफूल, परिवारे खाने खाना खुवाउन सकिन्छ ।

-१० दिनसम्म जिंक चक्की खुवाउने

झाडापखाला लागेका बरामी बच्चाहरुलाई जिंक चक्की १० दिनसम्म खुवाउनु पर्छ।

-खतराका चिन्हहरु देखिएमा स्वास्थ्य संस्थामा प्रेषण गर्ने

झाडापखाला लागेका बालबालिकाहरुमा आँखा गाडिएको, सुस्त हुने वा वेहोस हुने, तारान्तार बान्ता भइरहेमा, पेटको छाला तानेर छोड्दा बिस्तारै फर्किएमा, ज्वरो आएमा, धेरै पटक पालतो दिसा गरेमा, बच्चा ज्यादै तिर्खाएमा वा खान पिउयन नसक्ने भएमा र दिसामा रगत देखा परेमा तुरुन्त नजिकको अस्पतालमा उपचारका लागि लैजानुपर्छ ।

झाडापखालाबाट बचन के गर्ने ?

-खुल्ला ठाउँमा दिसा पिसाबन गरी चर्पीमा मात्र दिसा पिसाब गर्ने र बच्चाको दिसा पिसाब चर्पिमा नै विर्सजन गर्ने।

- पानी फिल्टर गर्ने, उमाल्ने वा अन्य तरिकाले शुद्धिकरण गरी पानी पिउने गर्नुपर्छ।

- काँचो खानेकुरा राम्रोसँग सफा पानीले धोएर मात्र खाने।

- खाना पकाउनु, खाना खानु र बच्चालाई खाना खुवाउनु अघि र चर्पी गइसकेपछि बालबालिका को दिसा पिसाब सफा गरेपछि र फोहोर कुरा छोएपछि राम्ररी सफा पानी र साबुनले मिचिमिचि हात धुनुपर्छ ।

-खानेपानीको मुहान सरसफाई र सुरिक्षण राख्नुपर्छ ।


## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक

कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।

समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।




